# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY

**Office of Municipal Executive**

Bharatpur, Chitwan, Nepal

प.सं.०७५/७६प्र.म.शा.
च.नं. १०६०

मिति २०७५/०६/०९

विषयः निर्णयको प्रतिलिपि पठाइएको ।

श्री वडा कार्यालयहरु (सबै),

भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/०६/०७ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७५.६.९

(कुलबहादुर जी. सी.)
**उप-सचिव**

बोधार्थः

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय महानगरपालिकाको Website मा राख्नु हुन ।

श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

कार्यपालिकाको १९ औं बैठक (२०७५ असोज ७) का निर्णयहरु

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

१. विज्ञ परिचालन सम्वन्धी कार्यविधिको मस्यौदा उपर थप छलफल गरी प्राप्त सुझाव समेतका आधारमा अन्तिम रुप दिई आगामी कार्यपालिकाको वैठकमा पेश निर्णय गरियो ।

२. कन्टिन्जेन्सी रकमको यथोचित प्रयोग सम्वन्धमा तयार पारिएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । जसअनुसार कन्टिजेन्सीको संचित रकमबाट आवश्यकता, औचित्य र मितव्ययितालाई समेत विचार गरी देहायका प्राविधिक कार्यसँग सम्वन्धी विषयको खर्च कानून अनुरुप गर्न सकिनेछ :

(क) सर्भे सम्वन्धी उपकरण खरिद

(ख) सवारी साधन खरिद, मर्मत तथा सर्भिसिङ खर्च

(ग) सवारी इन्धन

(घ) निर्माण सामाग्री प्रयोगशालामा आवश्यक उपकरण

(ङ) वातावरणीय सरसफाईमा प्रयोग हुने उपकरणहरु

(च) कम्प्युटर, ल्यापटप, प्रिन्टर

(छ) योजना सञ्चालन सम्वन्धी फाइल, कम्प्युटर पेपर, नापी किताव

(ज) अनुगमन निरीक्षण भत्ता तथा दैनिक भ्रमण भत्ता

(झ) प्रशिक्षण तथा मासिक वैठक सञ्चालन

३. अटोभिलेज सम्वन्धी कार्यप्रगति र आगामी कार्यदिशा सम्वन्धमा वरिष्ठ इन्जिनियर भरतकुमार आचार्यले प्रस्तुति गर्नुभयो । यस सम्वन्धमा आगामी दिनमा अत्यावश्यक जग्गा व्यवस्थापन र सिमांकन समेत गरी IEE तथा डिपिआर सम्वन्धी कार्य अघि वढाउने निर्णय गरियो ।

४. वडा नं २७ जितपुर नजिक नारायणी कटानको विपद जोखिम व्यवस्थापनमा खर्च भएको भएको रु. ९,९१,४३८। (अक्षेरुपी नौ लाख एकानब्बे हजार चार सय अठतिस) बराबरको खर्च अनुमोदन गरी विपद व्यवस्थापन कोषबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

५. महानगरका सवै वडामा डेडिकेटेड इन्टरनेट लाइन अप्टिकल फाइवर मार्फत जडान कार्यका लागि तयार भएको इस्टिमेट रकम रु २३,३९,५७७।६० स्वीकृत गरी NTC सँग सेवा खरिद गर्ने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

[illegible]. महानगरका [illegible] वटै वडामा ट्राफिक जागरण सम्वन्धी अभियान सञ्चालन सम्वन्धमा ट्राफिक प्रहरी इन्चार्ज वेदप्रसाद गौतमज्युबाट प्रस्तुति भयो । वडाअध्यक्षहरुसँगको समन्वयमा अभियानको समय तालिका निर्धारण गरी संभाव्य प्रायोजकहरुको सहयोग प्राप्त गरी महानगरपालिका समेतको संलग्नतामा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

विविध निर्णयहरु

१. लायन्स चोकनजिकको तरकारी मण्डी रहेको महानगरपालिकाको स्वामित्व रहेको जग्गा खाली भएको र तत्काल वहुतले व्यापारिक भवन निर्माण प्रारम्भ हुन समय लाग्ने देखिएको हुँदा असोज ८ गतेदेखि नै महानगर आफैले साना सवारी साधन (कार तथा मोटरसाइकल) पार्किङ स्थल संचालन गर्ने र पार्किङ स्थल सञ्चालनका लागि प्रतिस्पर्धात्मक विधिबाट सञ्चालक छनौट गरी सो कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

२. राजस्व प्रशासन र संकलनलाई थप प्रभावकारी वनाउने सम्वन्धमा विज्ञको सल्लाह वा परामर्श लिने विषयका अलावा व्यवसाय कर र घरवहाल कर निर्धाण प्रकृयालाई अघि वढाउने, कार्यविधिहरु निर्माण गरी लागू गर्ने तथा वडा तहमा संयुक्त टोली बनाई राजस्व रकम उठाउने कार्यलाई अभियानकै रुपमा अघि वढाउने निर्णय गरियो ।

३. भरतपुर महानगरपालिकाबाट प्रवाह हुने विभिन्न विषयका सूचना प्रवाह तथा आधिकारिक धारणा सार्वजनिक गर्ने प्रयोजनका लागि प्रवक्ता तोक्न सक्ने व्यवस्था नगर कार्यपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १७ (१) मा व्यवस्था भए अनुरुप वडा नं १० का वडाध्यक्ष श्री अरुण पीडित भण्डारीलाई महानगरपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

४. भरतपुर महानगरपालिका वाड नं १६ को श्री प्रकाश राष्ट्रिय प्राथमिक विद्यालयको एकतले भवन निर्माणका लागि नक्सापास प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

५. भरतपुर महानगरपालिका वडा नं १९ शारदानगर टाउनमा स्थापना भै शान्ति सुरक्षामा तैनाथ रहेको प्रहरी चौकीलाई स्थायी चौकीका रुपमा रुपान्तरण गर्न आवश्यक देखिएको छ । वडा नं १९ को कार्यालयबाट उक्त चौकीलाई तीन कठ्ठा बराबरको जग्गा माग भै आएको हुँदा सार्वजनिक जग्गा पहिचान तथा संरक्षण समिति समेतको समन्वयमा उपयुक्त स्थानमा उक्त जग्गा प्रदान गर्ने निर्णय गरियो ।

२०७४।६।७

प्रमुख

Scanned by CamScanner